**नेपाली राजदूतावास**
**वाशिङ्गटन, डि.सी.**

मितिः २०८१।१०।०१
(जनवरी १४, २०२५)

**क्यालिफोर्निया राज्यको सान फ्रान्सिस्को (San Francisco) शहरमा यस अघि स्थगित भएको कन्सुलर सेवा शिविर पुन:संचालन हुने सम्बन्धी अत्यन्त जरुरी सूचना**

यस दूतावासद्वारा सान फ्रान्सिस्को शहरमा २३-२४ नोभेम्बर २०२४ का लागि तय भएको कन्सुलर सेवा शिविर प्राविधिक कारणले स्थगित भएकोमा उक्त शिविर यही जनवरी २२-२६, २०२५ मा संचालन हुन गैरहेको छ। यस अघि नोभेम्बरको शिविरको लागि राहदानी नविकरण गर्न अनलाईन मार्फत फारम भर्नुभएका आवेदकहरुको फारमको म्याद सकिएकोले पहिले फारम भरिसकेका आवेदकहरुले निम्न सूचना अनुसार पुनः फारम भर्न अनुरोध गरिन्छ। साथै, राहदानीको बहाल म्याद १ वर्षभन्दा कम अवधि बाँकी रहेको राहदानी बाहकहरुले मात्र फारम भर्न अनुरोध गरिन्छ।

**घुम्ती शिविर आयोजना हुने स्थान, मिति र समय**

स्थानः **Sonesta Hotel and Resort**
**5555 Shellmound Street, Emeryville, CA**
मितिः **जनवरी २२-२६, २०२५**
समयः **बिहान ९ बजेदेखि साँझको ५ बजेसम्म (दिउँसो १-२ बजेसम्म Lunch Break)**

**विद्युतीय राहदानी (e-Passport) नविकरणका लागि फाराम (online application) भर्ने तरिकाः**

- सर्वप्रथम आफ्नो कम्प्युटर/ल्यापटप वा मोबाईलको Date and Time Setting मा गई Time Zone "Kathmandu, Nepal" छनौट गर्नु पर्नेछ।
- https://emrtds.nepalpassport.gov.np/ मा गई **Apply for Passport** छनौट (Select) गरेपश्चात **Renewal /Replacement(Lost/Stolen)** वा हातले लेखेको राहदानी नवीकरणको लागि **First Issuance** छनौट गरी Ordinary 34 pages वा 66 pages मा Click गरी Proceed गर्नु पर्नेछ।
- Appointment Country - Other छनौट (Select) गरी Appointment Location - **NE, Washington DC** छनौट गर्नु पर्नेछ।तत्पश्चात् **San Francisco घुम्ती शिविरका लागि मात्र उपलब्ध गराइएको जनवरी १८-१९, २०२५ को** Appointment Date छनौट गरी सम्पूर्ण विवरण भरिसकेपछि अन्त्यमा barcode सहितको PDF फाराम Download गर्नु पर्नेछ।
- उक्त बारकोडसहितको फारामको Scanned PDF Copy , राहदानी र नागरिकताको स्पष्ट फोटोकपी attach गरी **जनवरी १७, २०२५** अगावै Verification का लागि आफ्नो मोबाइल नम्बर समेत उल्लेख गरी दूतावासको इमेल passportCA@nepalembassyusa.org मा पठाउनु पर्नेछ।

*फाराम Verify नगरी निवेदकले भरेको Details/Data Retrieve गर्न नसकिने र सो नभई Biometrics लिन नसकिने भएकोले फारामलाई Verification को लागि अनिवार्य दूतावासमा पठाउनुपर्नेछ। अन्यथा: शिविरबाट सेवा प्राप्त गर्न सकिने छैन।*

- **घुम्ती राहदानी शिविरमा सेवा लिन आउने मिति र समय स्थानीय संयोजक ले इमेल वा टेलिफोनमार्फत् उपलब्ध गराउने छ।**
- **आवेदकले शिविरमा आउँदा देहायका कागजातहरुसहित स्वयम् उपस्थित हुनुपर्नेछ:**
  - ➢ सक्कल नागरिकता र सोको स्पष्ट प्रतिलिपि।
  - ➢ नाबालकको हकमा नाबालक परिचयपत्र तथा बाबु र आमा को नागरिकताको प्रतिलिपि।
  - ➢ एक वर्षभन्दा कम validity period बाकी रहेको सक्कल राहदानी र सोको स्पष्ट प्रतिलिपि।
  - ➢ Biometrics का लागि रीतपूर्वक अनलाईन फाराम (https://emrtds.nepalpassport.gov.np/) भरी सोको बारकोड सहितको प्रिन्टआउट प्रति।
  - ➢ राहदानी दस्तुर देहायबमोजिम हुनेछ:

| Services | Payment with Debit Card | Payment with Credit Card |
|---|---|---|
| Passport 34 Pages | $153.00 | $150.00+ 3% |
| Passport 66 Pages | $204.00 | $200.00+ 3% |
| Passport Lost/Damaged 34 Pages | $229.50 | $225.00+ 3% |
| Passport Lost/Damaged 66 Pages | $306.00 | $300.00+ 3% |
| Minor's Passport (under 10 years) 34 Pages | $76.50 | $75.00+ 3% |
| Minor's Passport (under 10 years) 66 Pages | $102.00 | $100.00+ 3% |
| Minor's Passport (Lost/Damaged) 34 Pages | $114.75 | $112.5+ 3% |
| Minor's Passport (Lost/Damaged) 66 Pages | $153.00 | $150.00+ 3% |

**नोट:** ***राहदानी दस्तुर डेबिट कार्ड वा क्रेडिट कार्डबाट मात्रै भुक्तानी गर्न सकिनेछ।***

  - ➢ नयाँ राहदानी प्रिण्ट भई राजदूतावासले राहदानी विभागबाट प्राप्त गरिसकेपछि सम्बन्धित आवेदकको ठेगानामा पठाउन पहिले नै पैसा तिरीसकेको आफ्नो पूरा ठेगाना लेखेको फिर्तिखाम (Self Addressed Prepaid Return Envelope)।

साथै, यस कन्सुलर शिविरमा अधिकृत वारेसनामा तथा मञ्जुरिनामा प्रमाणिकरणको सेवा समेत प्रदान गरिनेछ। सोका लागि आवश्यक कागजातहरु सम्बन्धमा जानकारी यस लिंकमा https://us.nepalembassy.gov.np/power-of-attorney/ रहेको व्यहोरा अनुरोध गरिन्छ।

**थप जानकारी आवश्यक भएमा देहायका स्थानीय सम्पर्क व्यक्तिहरु, नेपाली राजदूतावास साथै सान डियगोस्थित नेपालका अवैतनिक महावाणिज्यदूत श्री ऋषि पुनाखर ढकाललाई Cell No. (626) 320-2437 मा सम्पर्क गर्न सकिनेछ।**

**स्थानीय सम्पर्क व्यक्तिहरु**

1. Preetesh Karki, President, NANC, Cell No.- (510) 705-2031
2. Hari Ojha, President, NRNA California Chapter, Cell No. –(510) 309-7474

*नोटयस कन्सुलर सेवा सम्बद्ध सम्पूर्ण खर्च राजदूतावासले व्यहोर्ने हुनाले माथि उल्लिखित राजश्व रकमबाहेक थप : शुल्क नलाग्ने जानकारी गराइन्छ। तसर्थ कसैले थप शुल्कका लागि माग गरेमा राजदूतावासलाई जानकारी गराउनु हुन र थप रकम नदिनु हुन अनुरोध गरिन्छ।*

###